दंगीशरण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हेकुली , दाङ
लुम्बिनी प्रदेश,नेपाल

**औषधि तथा औषधिजन्य सामग्री खरिद सम्बन्धि शिलबन्दि दरभाउपत्र आब्हानको सुचना !**

**प्रथम सुचना प्रकाशित मिति २०८०/०८/११ गते**

यस दंगीशरण गाउँपालिका दाङ अन्तर्गतका स्वास्थ्य संस्थाहरुका लागि आबश्यक पर्ने औषधि सिलबन्दी दरभाउपत्र द्वारा खरिद गर्नु पर्ने भएको हुँदा योग्यता पुगेको ईच्छुक इजाजत प्राप्त फर्म/कम्पनी/सप्लायर्स/ब्याबसायीहरु बाट निम्न सर्तको अधिनमा रहि सिलबन्दी दरभाउपत्र पेश गर्नको लागि यो सुचना प्रकाशित गरिएको छ।

सर्तहरु

१. यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन भित्र यस दंगीशरण गाउँपालिकाको कार्यालय दाङवाट प्रत्येक सिलबन्दी दरभाउपत्र फारामका लागी रु १०००।०० (अक्षरुपी एक हजार मात्र) सिलबन्दी दरभाउपत्र खरिद दस्तुर बुझाई (पछि फिर्ता नहुने गरी) दरभाउपत्र खरिद गर्ने निवेदनका साथ ब्यवसायी प्रमाण-पत्र, नबिकरण प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, स्थायी लेखा प्रमाणपत्र, तथा आ.व. ०७९/८० को कर चुक्ता प्रमाणपत्रको सक्कलै स्क्यान अथवा नोटरी द्धारा प्रमाणित प्रतिलिपि पेश गरी, PPMO को Website **www.bolpatra.gov.np/egp** बाट प्रकृया पुर्याई विद्युतीय खरिद प्रणाली (E-Bidding) गर्न सकिनेछ र E-Bidding का लागि कुमारी बैंक,दंगीशरण शाखामा रहेको दंगीशरण गाउँपालिकाको आन्तरिक राजश्व खाता नं (ग-१.१) २५२०२४७०५२०००010 (for Bid Document Cost) मा जम्मा गरेको सक्कल भौचर स्क्यानिङ्ग गरी राख्नुपर्नेछ र दरभाउपत्र विद्युतिय खरिद प्रणालीवाट मात्र खरिद गर्नुपर्नेछ ।

२. विद्युतीय खरिद प्रणालीवाट खरिद भएका दरभाउपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२.०० वजे भित्र यस कार्यालयको नाममा सम्बोधन गरि कामको विवरण, दरभाउपत्रदाताको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई आधिकारिक सहि र फर्मको छाप लगाई उल्लेखित वेवसाइटवाट मात्र दर्ता गराउनु पर्नेछ ।

३. विद्युतीय खरिद प्रणालीवाट मात्र दर्ता भएका दरभाउपत्रहरु सोही दिन दिनको २.०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधि र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा दंगीशरण गाउँपालिकाको कार्यालयमा खोलिनेछ तर दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न कुनै वाधा पर्ने छैन ।

४. दरभाउपत्रदाता ले तोकिए बमोजिम धरौटी रकम कुमारी बैंक,दंगीशरण शाखामा यस कार्यालयको नाममा रहेको बैंक धरौटी खाता नं. (ग-३) २५२०२४७०५२००००0३ मा जम्मा गरेको बैंक भौचर वा सो बराबरको दरभाउपत्र खोलिने अन्तिम मितीले ९० दिन म्याद भएको बैंक ग्यारेण्टी पेश गर्नुपर्ने छ ।

५. दरभाउपत्र खरीद तथा दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदाको पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ । एक फर्मको नाममा खरिद गरेको दरभाउपत्र फारम अर्को ब्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाईने छैन ।

६. दरभाउपत्रमा कबोल गरेको दररेट अंक र अक्षर दुबैमा प्रष्ट रुपमा लेखिएको हुनुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउँमा सहीछाप गरेकको हुनुपर्नेछ साथै प्रत्यक औषधिको उत्पादक कम्पनी अनिबार्य रुपमा उल्लेख गर्नुपर्नेछ।

७. औषधि खरिद गर्दा WHO GMP CERTIFIED COMPANY बाट उत्पादित औषधिमात्र खरिद गरिनेछ। बोतलमा सप्लाईहुने औषधिहरु प्लास्टिक बोतलमा र चक्कीहरु स्ट्रिपमा हुनुपर्नेछ। सप्लाईहुने औषधिहरुको प्रत्यक प्याकिङको बाहिर र बोतल, चक्कीहरुको उत्पादित मिति,म्याद गुज्रने मिति,ब्याच नं. तथा Supply for Ministry of Health and Population Nepal(यो औषधि/सामान बिक्रीको लागी होईन) भन्ने बाक्यांस लेखिएको हुनुपर्नेछ ।

८. औषधि दाखिला हुन आउदा सम्म औषधिको म्याद कम्तिमा ७५% बाँकी हुनुपर्नेछ ।

९. दरभाउपत्रमा पेश गरेको मुल्य यस आ.ब.को लागि भएकाले २०८१ साल असार मसान्त सम्म कुनै प्रकारको मुल्य बृद्धिलाई स्विकार गर्न सकिनेछैन।

१०. दरभाउपत्रमा माग गरिएको परिमाण थप गर्ने, दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने वा आंशिक रुमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

११. दरभाउपत्र फारममा प्रत्यक औषधिको आइटम वाइज उत्पादक कम्पनिको नाम भर्नुपर्नेछ र हरेक औषधिको उत्पादक WHO GMP CERTIFIED भएको प्रमाण अनिबार्य रुपमा पेश गर्नुपर्नेछ। साथै औषधि बिक्री बितरण दर्ता प्रमाणपत्र, उत्पादन अनुज्ञा पत्र, बिदेशी औषधिको हकमा Letter of Recommendation for Import of Drug आदि प्रमाणहरु पनि पेश गरेको हुनुपर्नेछ । यसरी सम्पुर्ण विवरण पेश नभएको फर्मको बोलपत्र मूल्याङ्कन प्रकृयामा समाबेश गरिनेछैन।

१२. सार्बजनिक खरिद नियमावली २०६३ को नियम ४० (ङ) अनुसार दरभाउपत्रदाताले खरिद कारबाहिमा भाग लिन अयोग्य नभएको, आफ्नो स्वार्थ नबांझिएको पेशा वा ब्यबसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा स्वयं घोषणा गरेको पत्र पेश गर्नुपर्नेछ ।

१३. यस सुचनामा छुट हुन गएका अन्य कुराहरु सार्बजनिक खरिद ऐन २०६३ र सार्बजनिक खरिद नियमावली २०६४ तथा प्रचलित ऐन नियमानुसार हुनेछ ।

| सि.नं. | दरभाउपत्र नं | कामको विवरण | अनुमानित ल.ई.अ. (भ्याट सहित) | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | 01/DRM/SQ/2080/81 | औषधि तथा औषधिजन्य सामाग्री खरिद | ३५२३७२२.६० | १९५७११.६८ | |